# अनुसूची-२
## (बुदा १०.३ सँग सम्वन्धित)
## जनकपुर नगरपालिका को कार्यालय
## सामाजिक परीक्षकको प्रतिवेदन
## ( बृहत छलफलमा प्रस्तुत गरिने)

स्थानीय निकायको नाम : जनकपुर नगरपालिका कार्यालय
मिति : २०७१ । ७ । २८ गते शुक्रवार

### १. स्थानीय निकायको परिचय (बुंदागत रूपमा लेख्ने)

क)

नगरपालिका को नाम :– जनकपुर नगरपालिका कार्यालय

स्थापना भएको वर्ष :– २०१६

विकास क्षेत्र :– मध्यमाञ्चल

अञ्चल :– जनकपुर

जिल्ला :– धनुषा

वार्ड संख्या :–१६

वेवसाईट :– Janakpurmun.gov.np

भौगोलिक अवस्थित :–२६ डिग्री ४४ मिनेट उत्तरी अक्षांश
८५ डिग्री ५६ मिनेट पूर्वी देशान्तर
९० मीटर उचाइं (समुद्री सतहबाट)

ख) क्षेत्रफल(वर्ग कि.मी.) : – २४.६१ वर्ग कि.मी.

प्रमुख नदी :– जलादी, दुधमती

ऐतिहासिक मन्दिर तथा ताल तलैया : जानकी मन्दिर, राम मन्दिर, विवाह मण्डप, लक्ष्मण मन्दिर, जनक मन्दिर तथा विभिन्न पोखरी तथा ताल तलैयाहरु ले भरिपुर्ण जनकपुर नगरपालिका पर्यटकीय स्थलको रुपमा रहेको छ ।

सम्पर्क टेलिफोन नम्बरहरु :–
फयाक्स नम्बर :– ५२०५१०
बारुणयन्त्र :– ५२००११

<u>सामाजिक सेवा तथा फोहरमैला व्यवस्थापनः–</u>

स्काभेटर – २
टिपर–९
ट्रेक्टर–१०
एक्साभेटर–२
दमकल संख्या–२
एमबुलेन्स संख्या :–२
सार्वजनिक शौचालय :– २२

**सरसफाई हुने रुटः–**

- रुट नं.१– रेल्वे स्टेशनबाट भानजुचोक, कदम चोक, मालपोत, मुरली चोक, वडा नं.४समिति कार्यालय हुदै राम चोक सम्म ।
- रुट नं.२– भानु चोक बाट जनकचोक , जानकी मन्दिर जाने कालोपत्रे सडक, सोनार पट्टी,राम मिन्दर चारैतिर, एल एन शर्मा तथा महाविर चोक हुदै , राम चोक सम्म ।
- रुट नं.३– जानकी मन्दिर पार्कको कुनाबाट जानकी मन्दिर , लक्ष्मण मन्दिर, मरवा, तरकारी बजार ,दूर सञ्चार,अस्पताल हुदै आंखा अस्पताल सम्म ।
- रुट नं.४–भानुचोक चारैतिर,मिल्स ऐरिया, ज.चु.का.लि.गेट, धनुषा पथ , हनुमान मन्दिर, लक्ष्मण मन्दिर सम्म ।
- रुट नं.५–महाविर चोक बाट महाविर युवा कमिटि, पेठिया सडक,नमस्कार होटल,जिरो मायल सम्म ।
- रुट नं.६–जनक चोक बाट गंगा सागर पश्चिम–दक्षिण–उत्तर शिव मन्दिर हुदै कमद चोक हुदै कपिलेश्वर जानेबाटो जलाधी नदी सम्म ।
- रुट नं.७–श्याम चोक बाट क्याम्पस चोक, मुरली चोक, विश्वकर्मा चोक–जिरो मायल सम्म ।

फोहरका किसिम :–

अरगेनिक कुहिने –६२.५%
प्लाष्टिक–८ %
कागज–४.५ %
ग्लास–४.३ %
मेटल–०.७ %
कपडा–२ %
अन्य–१८ %

एफ.एम.रेडियो :– ७ वटा

१.रेडियो जनकपुर :–०४–१५२७३४६, ५२४८४७
२.रेडियो मिथिलि :–०४१–५२५१०९, ५२५११०
३.जनकपुर एफ.एम. :–०४१–५२२४३७, ५२०३७७
४.रेडियो टुडे :– ०४१–५२७४९१,५२७५९१
५.जानकी एफ.एम. :–०४१–५२७४३०,५२७४३१
६.मिथिलाञ्चल एफ.एम.:–०४१–५२७५०५,५२७५०६
७.रेडियो मधेशः–०४१–५२८२०६,५२८२०७

इन्टरनेट सेवा :– १२

वित्तीय सेवा :–

नेपाल राष्ट्र बैंक
राष्ट्र वाणिज्य बैंक
नेपाल बैंक लिमिटेड
१२ बटा निजी बैंक
४ वटा फाईनान्स कम्पनी
१५० वचत तथा ऋृण सहकारी

**जनसंख्या सम्बन्धी विवरण**

Population of Janakpur Municipality 2011

| Ward | House | Household | Total | Male | Female |
|---|---|---|---|---|---|
| 1 | 2,017 | 2,781 | 10696 | 6155 | 4541 |
| 2 | 682 | 799 | 4645 | 2461 | 2184 |
| 3 | 271 | 347 | 1899 | 985 | 914 |
| 4 | 2,851 | 3,774 | 16088 | 8594 | 7494 |
| 5 | 281 | 393 | 2328 | 1302 | 1026 |
| 6 | 525 | 672 | 3794 | 1932 | 1862 |
| 7 | 1,381 | 1,886 | 7906 | 4395 | 3511 |
| 8 | 1,706 | 2,446 | 9779 | 5414 | 4365 |
| 9 | 1,204 | 1,757 | 6546 | 3624 | 2922 |
| 10 | 495 | 714 | 3565 | 1853 | 1712 |
| 11 | 702 | 917 | 4778 | 2655 | 2123 |
| 12 | 1,137 | 1,279 | 6431 | 3459 | 2972 |
| 13 | 852 | 1,178 | 5888 | 3189 | 2699 |
| 14 | 1,432 | 1,755 | 8585 | 4583 | 4002 |
| 15 | 519 | 612 | 3321 | 1810 | 1511 |
| 16 | 1,155 | 1,369 | 6834 | 3694 | 3140 |
| Total | 17,210 | 22,679 | 103083 | 56105 | 46978 |

कुल जनसंख्या :–१,०३०८३
महिला :–४६,९७८
पुरुष :–५६,१०५

कुल घर संख्या :–१७,२१०
कुल परिवार संख्या :–२२,६७९

## २. स्थानीय निकायको प्राथमिकता तथा लक्षहरू (बुंदागत रूपमा लेख्ने) :

- संस्थागत विकास तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि ।
- कर संकलनलाई प्रभावकारी बनाउने ।
- विकास तथा निर्माण सम्बन्धी कार्यहरुलाई द्रुत गतिमा अगाडी बढाउने ।
- अन्तराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्था तथा सरकारी निकायहरु संग समन्वय गरी विकासका कार्यकमहरु अगाडी बढाउने ।
- गरिबी न्युनीकरण तथा समावेशीकरण कार्यकमहरु संचालन गरी समतामुलक समाजको निर्माणमा योगदान पुरयाउने ।

## ४. यसवर्षको मुख्य मुख्य उपलब्धिहरू (सूचकको रूपमा प्रस्तुत गर्ने) : ०७०/०७१

### १) नगरपालिकाको अनुदान बाट

क) लक्षित बर्ग बालबालिका तर्फको कुल रकमको १०% बजेट बाट ६ वटा योजनाहरु सम्पन्न भएको ।

ख ) लक्षित बर्ग महिला तर्फको कुल रकमको १०% बजेट बाट ५ वटा योजनाहरु सम्पन्न भएको ।

ग) लक्षित बर्ग दलित आदिबासी जनजाति, भिन्न क्षमता भएका व्यक्ति, मुस्लिम तथा पिछडा बर्गको तर्फको कुल रकमको १५% बजेट बाट ८ वटा योजनाहरु सम्पन्न भएको ।

घ) अन्य योजनाको लागी कुल रकमको ६५% बजेट बाट १२ वटा योजनाहरु मध्येबाट ९ वटा योजना सम्पन्न र बांकी ३ वटा संचालनमा रहेको । र सो अन्तर्गत पीसीसी तथा नाला निर्माण, पीसीसी जम्मा गरी १०२९ मीटर/सं. भौतिक प्रगति रहेको छ ।

### २) मालपोत रजिष्ट्रेशन शीर्षक अन्तर्गत संचालन भएका योजनाहरु

क) २२ वटा योजनाहरु (पीसीसी तथा नाला निर्माण, दुबै तर्फ नाला निर्माण, सडक पीसीसी) मध्ये ८ वटा सम्पन्न भई भुक्तानी भएको, ४ वटा सम्पन्न भई अन्तिम किस्ता भुक्तानी बांकी र बांकी १० वटा संचालनमा रहेको । र सो अन्तर्गत पीसीसी तथा नाला निर्माण, पीसीसी जम्मा गरी १७२४ मीटर/सं. भौतिक प्रगति रहेको छ ।

ख) भैपरी योजना अन्तर्गत ८ वटा योजनाहरु संचालन भई सबै कार्य सम्पन्न भएको । र सो अन्तर्गत पीसीसी तथा नाला निर्माण, पीसीसी जम्मा गरी ४०० मीटर/सं. भौतिक प्रगति रहेको छ ।

### ३) सडक बोर्ड नेपालबाट संचालन भएका योजनाहरु

क) ५ वटा आयोजनाहरु मध्ये २ वटा सम्पन्न भएको र १ वटा संचालनमा रहेको र बांकी २ वटा योजनाहरुको कार्य संचालन नभएको । र सो अन्तर्गत कालोपत्रे , सडक मर्मत जम्मा गरी १९२५ मीटर भौतिक प्रगति रहेको छ ।

### ४) जगेडा कोष बाट संचालन भएका योजनाहरु

क) ६ वटा योजनाहरु मध्ये १ वटा योजना सम्पन्न भई भुक्तानी भएको , ३ वटा योजना सम्पन्न भई अन्तिम किस्ता भुक्तानी हुन बांकी रहेको र २ वटा योजना संचालनमा रहेको । र सो अन्तर्गत पीसीसी तथा नाला निर्माण, पीसीसी जम्मा गरी १७५१ मीटर/सं. भौतिक प्रगति रहेको छ ।

### ५) स्थानीय यातायात पुर्वाधार क्षेत्रगत कार्यक्रमबाट संचालन भएका योजनाहरु

क) ६ वटा योजनाहरु मध्ये ३ वटा योजनाहरु सम्पन्न भएको, ३ वटा योजना संचालनमा रहेको ( १ वटा योजना ठेकेदार मार्फत) र सो अन्तर्गत पीसीसी तथा नाला निर्माण, पीसीसी जम्मा गरी ५४८ मीटर/सं. भौतिक प्रगति रहेको छ ।

ख) मर्मत सम्भार कोषमा २ लाख रकम जम्मा गरेको ।

ग) सडक छेउको नाला सरसफाई तथा सामग्री खरिदमा ५५१,०००। भुक्तानी गरेको ।

### ६) स्थानीय विकास शुल्कबाट संचालन भएका योजनाहरु

क) १७ वटा योजनाहरु मध्ये ९ वटा योजना सम्पन्न , बांकी ७ वटा संचालनमा रहेको र १ वटा संचालन हुन नसकेको । र सो अन्तर्गत पीसीसी तथा नाला निर्माण, पीसीसी जम्मा गरी १७८१ मीटर/सं. भौतिक प्रगति रहेको छ ।

- प्रतिदिन फोहर उत्पादन(म.टन):–१७ टन हुने गरेको जसका लागी सरसफाई कार्य दैनिकरुपमा २ पटक हुने गरेको
- नक्सा दर्ता संख्या–७५३,नक्सा पास सर्जमिन संख्या –७६३ नक्सा पास संख्या –७६४ पुरानो समेत

- नगरपालिका ले पन्जिकरण अन्तर्गत जन्म दर्ता, मृत्यु दर्ता, सम्बन्ध बिच्छेद, बंसाई सराई ,विवाह दर्ता नियमित रुपमा हुने गरेको ।
- नपाले नागरिकता सिफारिस, पासपोर्ट , मधेशी,दलित, जनजाति, नाता प्रमाणित, फुटकर र अन्य सिफारिस दिने गरेको ।
- सडक , नाला निर्माण, कालोपत्रे मर्मत आदिबाट नगरबासीलाई आवत जावत सामाग्री ओसारपोसारमा सहज भएको ।

## अनुगमन र स्थलगत निरिक्षणबाट प्राप्त नतिजा

**क) जगेडा कोष अन्तर्गत निर्मित योजनाहरुः** माथी उल्लेखित योजनाहरु मध्ये सेम्पलिङ्गको रुपमा जगेडा कोष अन्तर्गत निर्मित वडा न. ४ को नुनिया कुटी संकटमोचन उच्च मा.वि. हुँदै परिकमा सडक छेउ सम्म सडकमा पिसिसि गर्ने कार्य, ऐजन कोष अन्तर्गत नै ऐजन वडामा विश्वकर्मा चौक देखि मटकोरवा पोखरी सम्म नाला निर्माण कार्य सम्पन्न, जगेडा कोष अन्तर्गत नै वडा न. ७ मलहा शाहको घर देखि राम बाबु शाहको जग्गा हुँदै काष्ठ उधोग सम्म नाला निर्माण कार्यको स्थलगत निरिक्षण तथा अनुगमन गर्ने कार्यका लागी उपभोक्ता समितिसंग अन्तरकिया गर्दा लगत ईस्टिमेट अनुसार को काम भएको तथा स्थानीय समुदाय पनि सो कार्य बाट लाभान्वित भएको पाईयो ।

- स्थानीय उपभोक्ता समितिले नियमित बैठक बस्ने गरेको, पारदर्शिताका लागी सुचना वोर्ड राखेको, आय व्यय विवरण अध्यावधि गरेको, भेन्डरहरु लाई सुचना आहवान गरेको, सोही अनुसार छनौट गरी सम्झौता गरी कार्य अगाडी बढाईएको तथा सन्तोषजनक रुपमा काम नगर्ने भेन्डरको सम्झौता रद गरेको । घरको अगाडी निर्माण भईरहेको नाला,सडक सम्बन्धित घरधनीलाई नै गुण स्तरको हेरचाहको लागी जिम्मेवारी दिईएको पाईयो ।

**खं) बाल क्लब तथा संजाल गठन : बाल क्लब तथा संजाल संग अन्तरक्रिया गरियो ।**

- ४५ सदस्यीय मिथिला बाल क्लब संजाल नगर स्तरीय गरेको पाईयो ।
- नगरपालिकाबाट आवश्यक स्टेशनरी तथा खेलकुद सामग्री प्राप्त गरेको पाइयो ।
- नियमित रुपमा बैठक बसेको पाइयो ।
- CFLG लगायत तालिम प्राप्त गरेको पाईयो ।
- नियमित रुपमा बाल संजालले खेलकुद प्रतियोगिता लगायत सडक नाटक,आदि गरेको पाइयो ।
- MWASHCC मा बाल क्लब संजालको प्रतिनिधित्व गरेको पाईयो र सोही अन्तर्गत ODF का लागी विभिन्न कियाकलाप संचालन गरेको पाईयो ।

**ग) महिला संग सम्बन्धित योजना अन्तर्ग**त

- ३२ जना महिलाले ना.सु स्तरको लोक सेवा आयोग तयारी कक्षामा सहभागी भएको ।
- ३ महिनासम्म संचालन भएको तयारी कक्षामा सहभागीहरुले स्टेशनरी तथा किताव लिएको पाइयो ।
- सहभागी छनौट पारदर्शी रुपमा गरेको पाईयो ।

**घ) जेष्ठ नागरिक का सन्दर्भमा**

- जानकी बृद्धाआश्रममा जनपाबाट २ वटा ठुलो बैढी र खाद्धान्न प्रदान गरेको पाइयो जसवाट जेष्ठ नागरिकहरुको दैनिक जीवनमा सहजता ल्याएको ।

**ङ) नगरपालिकाको शाखाहरुसंग अन्तरकिया**

- नगरपालिकाको शाखाहरुसंग अन्तरकिया गरेको र त्यसवाट प्राप्त समस्या तथा सुधारका सुझावहरु तल संलग्न गरिएको छ ।

## ५.सामाजिक जिम्मेवारी र कार्य सम्पादनको लेखाजोखा

| सामाजिक जिम्मेवारीको क्षेत्र | गत बर्षको अवस्था | प्रयास | उपलब्धि |
|---|---|---|---|
| **स्वास्थ्य** | | | |
| स्वास्थ्य चौकी एक घण्टा भित्र पैदल वा यातायात पहुच भएको घरधुरी संख्या | वडा न. १२,१४ र १६ मा रहेको स्वास्थ्य चौकीमा सबै घर परिवार संख्याको पंहुच नभएको । | स्वास्थ्य प्राविधिक नियमित रुपमा चेक जाँच तथा स्वास्थ्य सम्बन्धी सल्लाह उपलब्ध गराउँदै आएको | वडा न. १२,१४ र १६ मा रहेको स्वास्थ्य चौकीमा ३९८४ घर परिवार संख्याको पंहुच भएको । |
| ५ बर्ष मुनीका बालबालिकाको प्रतिशत | | | |
| खोपमा पहुच भएको जनसंस्या ( एक बर्ष देखि २ बर्ष मुनीका बालबालिकाको आधारमा) | खोपमा पहुच भएको जनसंस्या सबै रहेको | नियमित रुपम खोप कार्यकम संचालन भएको | खोपमा पहुच भएको जनसंस्या २०७९१ रहेको |
| ४ पटक गर्ववती जाच गरिएको महिलाका संख्या ( प्रतिशतमा)☐ | ४ पटक गर्ववती जाँच गर्ने सेवा उपलब्ध नभएको | | ४ पटक गर्ववती जाँच गर्ने सेवा उपलब्ध नभएको |
| दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिएका महिलाको संख्या | दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिने सेवा स्वास्थ्य चौकीमा नरहेको । | | दक्ष प्रसुतीकर्मीबाट प्रसुती गरिने सेवा स्वास्थ्य चौकीमा नरहेको । |
| झाडा पखालाबाट मृत्यु हुने बालबालिका | | | |
| सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या | सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने सबै घरधुरी परिवार संख्या नरहेको | नियमित रुपमा घरदैलो कार्यकम ,सुचना प्रवाहको कार्य भएको | सव हेल्थपोष्ट वा हेल्थपोष्टबाट सेवा लिने घरधुरी परिवार संख्या ३९८४ रहेको |
| **शिक्षा** | | | |
| आधा घण्टा भित्र प्राथमिक विद्यालय नपुग्ने वालवालिकाको संख्या | तथ्यांक उपलब्ध नभएको | | तथ्यांक उपलब्ध नभएको |
| पूर्व प्राथमिक शिक्षामा खुद भर्नादर | | | |
| प्राथमिक विद्यालयमा पहुच नभएका सो ज्ञघउमेर समुहका बालबालिका संख्या / प्रतिशत | | | |
| कक्षा १ मा खुद भर्नादर छात्र /छात्रा | | | |
| प्राथमिक तहमा कक्षा छोड्ने कक्षा दोहोर्‍याउने र कक्षा उत्तिर्ण हुने दर | | | |
| प्राथमिक तहमा तालिम प्राप्त शिक्षक संख्या | | | |
| प्रति कक्षा कोठा विद्यार्थी संख्या☐ | | | |
| बाह्य सहयोगमा निर्मित विद्यालय कोठा संख्या | | | |
| स्थानीय निकायबाट निर्मित विद्यालय कोठा संख्या | | | |
| दलित बालबालिकाको शिक्षमा पहुच | | | |

| | | | |
|---|---|---|---|
| **खानेपानी तथा सरसफाई** | | | |
| स्वच्छ पानी पुगेको परिवार संख्या वा प्रतिशत | खानेपानी पुगेको परिबार संख्याको प्रतिशत १०० % रहेको तर स्वच्छ पानी पुगेको परिवार संख्याको तथ्यांक उपलब्ध नरहेको । | गैसस सित समन्वय गरी पानीको गुण स्तर जांच्ने कार्य भएको | खानेपानी पुगेको परिबार संख्याको प्रतिशत १०० % रहेको तर स्वच्छ पानी पुगेको परिवार संख्याको तथ्यांक उपलब्ध नरहेको । |
| सौचालय भएको संख्या वा प्रतिशत | तथ्यांक उपलब्ध नरहेको । | | सौचालय भएको संख्या वा प्रतिशतमा ७० % रहेको । |
| खानेपानी सुविधा भएको प्राथमिक विद्यालय | खानेपानी सुविधा भएको प्राथमिक विद्यालयको संख्या १२ रहेको । | | खानेपानी सुविधा भएको प्राथमिक विद्यालयको संख्या १२ रहेको । |
| सौचालय भएको परिवार संख्या | | नगर तथा वार्ड स्तरीय स्वच्छता समितिहरु गठन भई पहल भएको । | सौचालय भएको परिवार संख्या १५८७५.३ रहेको । |
| सुधारिएको चुलो भएको परिवार संख्या | गत बर्ष सुधारिएको चुलहो कार्यक्रम संचालनमा नरहेको | जनपाले गैसस संग समन्वय गरी कार्यक्रम संचालन गरेको | सुधारिएको चुलो भएको परिवार संख्या २७० रहेको । यो कार्यक्रम वडा न. ८,१२ र १४ मा संचालन भईरहेको । |
| **बालबालिका, महिला तथा समावेशी क्षेत्र** | | | |
| बाल बिवाहको संख्या | दर्ता नभएकोले यकिन गर्न नसकिएको | बाल क्लबहरु गठन भई बाल अधिकार का बारे चेतना अभिबृद्धिका कायृक्रम संचालन | बाल विवाह न्युन हुदै गएको । |
| सामाजिक बिकृति, विसंगति | सामाजिक विकृति विसंगति न्युन हुंदै गएको । | जनचेतना मुलक कार्यक्रमहरु संचालन भएको | सामाजिक बिकृति, विसंगति क्रमिक रुपमा कम हुंदै गएको । |
| सामाजिक सुरक्षा ( जेष्ठ नागरिक, एकलमहिला, अपांग, पिछडिएको क्षेत्र तथा लोपुन्मुख जाती) | सामाजिक सुरक्षा अन्तर्गत जेष्ठ नागरिक ७७० जना, , एकल महिला तर्फ ६७३ जना, ६० बर्ष भन्दा माथीका विधवा ७१२ ले सुविधा पाएको | | सामाजिक सुरक्षा अन्तर्गत जेष्ठ नागरिक दलित तर्फ ३६७ जना, अन्य ७१७ जना, एकल महिला तर्फ ९४६ जना, ६० बर्ष भन्दा माथीका विधवा ७५३ ले सुविधा पाएको क वर्गका अपांग २५ जना, ख वर्गका १६ जना तथा सुचिकृत भएपनि सरकारवाट सामाजिक सुरक्षा भता उपलब्ध नभएको अपाङ्ग संख्या ९० जना रहेको । |
| **जनचेतना तथा गरिवी निवारण** | | | |
| बाल श्रमको अवस्था | बाल श्रमको अवस्था यथाबत रहेको । | | बाल श्रमको सन्दर्भमा होटल, चिया पसल लगायतका व्यापारिक कारोवारमा केही संख्यामा बाल बालिकाको श्रमको प्रयोग भएको । |
| बाल क्लवहरूको अवस्था | बाल क्लब गठन नै नभएको । | अन्तरक्रिया तथा बार्ड तथा नगर भेला भएको | जनकपुर नगरपालिका क्षेत्रभित्र २२ वटा बाल क्लबहरु गठन भई बाल अधिकारको क्षेत्रमा कार्यरत रहेको । तथा १ वटा बाल संजाल नगर स्तरीय |

| | | | |
|---|---|---|---|
| | | | गठन भई कार्यरत रहेको । |
| महिला हिंशा | जनपामा दर्ता नभएको | महिला अधिकार संग सम्बन्धित कार्यक्रमहरु संचालन भएको । | महिला हिंसाको अवस्था कायम रहेता पनि तथ्यांकगत रुपमा जनपामा दर्ता गराउन नआएको । |
| रोजगारीको अवस्था□ | घरेलु तथा साना उधोग रहेको । | रोजगार सृजनाका लागी प्रयास भएको | केही घरेलु तथा साना उधोगहरु संचालन भई केही संख्यामा रोजगारी अभिबृद्धि भएको । |
| स्वरोजगारका प्रयासहरू | तालिमहरु संचालन भएको । | | ४ वटा तालिमहरु ( चुडी,लहठी तालिम, ब्युटिपार्लर, सिलाई कटाई ) संचालन गरी ६० जना महिलाहरुले स्वरोजगार प्राप्त गरेको । त्यस्तै २० जना एकल महिलालाई मिथला आर्ट सम्बन्धी तालिम उपलब्ध गराई स्वरोजगारको प्रयास गरेको । |
| गरिवी निवारणका प्रयासहरू | गरिबी निवारण कोषको कार्यक्रम ४ वडामा संचालनमा रहेको | नागरिक सचेतना केन्द्रहरुलाई संगठित गरी आय आर्जन तर्फ उन्मुख गराएको । | एलजीसीडीपी कार्यक्रम अन्तर्गत जीवीकोपार्जन का लागी ११ वटा वडामा नागरिक सचेतना केन्द्रलाई १, १ लाख का दरले उपलब्ध गराएको । जसबाट लगभग ३६० जना मध्ये ५५ जनाले आय आर्जन कार्य संचालन गरेको ।<br>साथै, गरिबी निवारण कोषको सहयोगमा स्थानीय गैसस मार्फत ४ वटा वडामा (९,१३,१४, १५) गरिबी निवारण कार्यक्रम संचालन भएको । |
| सामाजिक परिचालन | सामाजिक परिचालनको कार्य गैसस मार्फत भएको । | नियमित रुपमा नपा अन्तर्गत सामाजिक परिचालन गरेको | हाल नपा भित्र १२ जना सामाजिक परिचालक कार्यरत रही सामाजिक परिचालन मार्फत संगठित भई अधिकार र आयआर्जनमा संलग्न हुन लागेको । |
| वातावरण सुधारका प्रयासहरू | बृक्षारोपण भएको । | | वातावरण सुधार अन्तर्गत नगरपालिका भित्र १९७ वटा रुख बिरुवाहरुको बृक्षारोपण गरिएको । |
| एच.आई.भि र एड्स | | | |
| विकासमा समान सहभागिता | महिला अधिकारका सवालहरु मा अन्तरक्रिया भएको । | | विकासमा समान सहभागिताका लागी महिलाहरुका लागी नगारपाललिकाद्धारा लोक सेवा तयारी कक्षा संचालन भएको । |
| **सेवाहरूमा पहुँच** | | | |
| स्थानीय वजार पुग्न लाग्ने समय | १५ देखि ३० मिनेट सम्म लाग्ने गरेको । | | १५ देखि ३० मिनेट सम्म लाग्ने गरेको । |
| कृषि सेवा केन्द्र जान लाग्ने समय | कृषि सेवा केन्द्र संचालनमा नरहेको । | | कृषि सेवा केन्द्र संचालनमा नरहेको । |
| भौगोलिक क्षेत्र, महिला, पिछडिएका तथा सीमान्त वर्गको संख्या, निजहरूले पाएको<br>सेवा तथा दिइएको विशेष अवसरहरू | | | |
| **संस्थागत क्षमता** | | | |

| | | | |
|---|---|---|---|
| जनशक्ति | कुल स्वीकृत दरवन्दी संख्या – १८३<br>अधिकृत स्तर – ३<br>प्राविधिक संख्या –१५<br>अप्राविधिक संख्या –१४४<br>ज्यालादारी कर्मचारीहरुको संख्या –१५<br>करार सेवामा कार्यरत कर्मचारीहरुको संख्याः– १४ | | कुल स्वीकृत दरवन्दी संख्या – १८३<br>अधिकृत स्तर – ३<br>प्राविधिक संख्या –१५<br>अप्राविधिक संख्या –१४४<br>ज्यालादारी कर्मचारीहरुको संख्या –१५<br>करार सेवामा कार्यरत कर्मचारीहरुको संख्याः– १४ |
| नीति तथा कार्यक्रम | निति तथा कार्यक्रम रहेको । | छलफल तथा अन्तरक्रियाबाट बाट निति तथा कार्यक्रममा थप भई सुधार भएको | **<u>नीति</u>**<br>● संस्थागत विकास तथा कर्मचारीहरुको क्षमता अभिबृद्धि सम्बन्धी निति<br>● कर संकलनलाई प्रभावकारी बनाउने निति ।<br>● विकास तथा निर्माण सम्बन्धी निति ।<br>● अन्तराष्ट्रिय तथा राष्ट्रिय गैर सरकारी संस्था तथा सरकारी निकायहरु संग समन्वय सम्बन्धी निति ।<br>● गरिबी न्युनीकरण तथा समावेशीकरण सम्बन्धी निति ।<br>**<u>कार्यक्रम</u>**<br>१) नगरपालिकाको अनुदान बाट संचालित योजनाहरु ।<br>२) मालपोत रजिष्ट्रेशन शीर्षक अन्तर्गत संचालन भएका योजनाहरु<br>३) सडक बोर्ड नेपाल बाट संचालन भएका योजनाहरु<br>४) जगेडा कोष बाट संचालन भएका योजनाहरु<br>५) स्थानीय यातायात पुर्वाधार क्षेत्रगत कार्यक्रमबाट संचालन भएका योजनाहरु<br>६) स्थानीय विकास शुल्कबाट संचालन भएका योजनाहरु । |
| भौतिक व्यवस्था | नगरपालिकाको २ वटा भवन, अन्य भवनहरु, स्टाफ क्वाटर ,पाले घर, अतिथि गृह १, चिल्ड्रेन पार्क, वडा कार्यालय भवनहरु, सामुदायिक भवनहरु, सुहद पुस्तकालय तथा २२ वटा सार्वजनिक शौचालयहरु | नियमित रुपमा मर्मत तथा सम्भारको कार्य गर्ने गरेको । | नगरपालिकाको २ वटा भवन, अन्य भवनहरु, स्टाफ क्वाटर ,पाले घर, अतिथि गृह १, चिल्ड्रेन पार्क, वडा कार्यालय भवनहरु, सामुदायिक भवनहरु, सुहद पुस्तकालय तथा २२ वटा सार्वजनिक शौचालयहरु । |

| | | | |
|---|---|---|---|
| समन्वय र सहकार्यका प्रयासहरू | समन्वय र सहकार्य भएको | विभिन्न बैठक तथा कार्यक्रमहरु आयोजना गरेको । | नगरपालिकाले विभिन्न निकायहरु संग समन्वय गरी कार्यक्रम तथा योजनाहरु संचालन गरिएको । |
| अन्य सामाजिक सम्पादनका क्षेत्रहरू | | | |

**६. गत वर्षमा भोगेका समस्याहरू (बुंदागत रूपमा लेख्ने) :**

- समयमा उपभोक्ता समिति गठन हुन नसकेको ।
- पेश्की फर्छ्यौट समय भित्र गर्न नआउने गरेको अवस्था ।
- योजना संचालन मन्द गतिमा हुने गरेको ।
- नगरपालिका प्रति बढी आश्रित रहने गरेको ।
- ११ करोड राजस्व उठाउने लक्ष्य रहेकोमा ३ करोड मात्र उठेको तर योजना ११ करोड अनुसारको रहेकोले बिल भुक्तानी गर्न समस्या हुने गरेको ।
- आषाढ देखि कर्मचारीको संचयकोष जम्मा नभएको ।
- एउटै सडक लाई फरक फरक नामाकरण गरी हरेक बर्ष योजना पारित गराई कार्य दोहरिन गई नगरापालिकाको अवस्था दयनीय हुंदै गएको ।
- आवश्यक कागज नल्याई निकासाका लागी दबाब दिने गरेको ।
- राजस्व असुली नगरपालिकाको सेवामा निर्भर ।
- करदातालाई तागेदा गर्न नसकेको ।
- नागरिकको लागी नागरिक कर शिक्षा संचालन नभएको ।
- कर राजस्व असुली का लागी केन्द्रिय स्तर देखि लिंक गर्न नसकेकोले नगर भित्र कर बुझाउन बाध्यता नहुने गरेको ।
- कोठा पर्याप्त नभएको ।
- शाखागत रुपमा कार्यालय सहयोगी नभएको ।
- हरेक शाखामा कम्पयुटर नभएको ।
- अभिलेखहरु कम्प्युटरकृत हुन नसकेको ।
- शाखा प्रमुखको दरबन्दी रिक्त रहेको ।
- जनप्रतिनिधि विहीन अवस्थाले कार्य संचालन गर्न गाह्रो हुने गरेको ।
- कुचीकारको स्वास्थ्य परीक्षणको व्यवस्था नभएको ।,
- सरसफाईको लागी पर्याप्त मात्रामा टिपर र ट्रयाक्टर भएको ।
- कुचीकार जनशक्तिको पर्याप्त संख्यामा नरहेको ।
- कर्मचारीको नियमित मुल्यांकन गर्ने कार्य हुन नसकेको ।
- कर्मचारीलाई कार्य प्रति उत्साह जगाउने कार्यक्रम नरहेको ।

**७. सुधारको लागि चाल्नुपर्ने कदमहरू तथा सुझाव (वुंदागत रूपमा लेख्ने) :**

- नगरबासीको विश्वास प्राप्त गर्न सेवा नियमित र अनवरत रुपमा संचालन गर्नुपर्ने ।
- नगरको विकासका लागी अन्य दातृ निकायहरुसंग समनवय र सहकार्यमा जोड दिनुपर्ने ।
- नगरापालिका भित्रका कार्य दुरुस्त र चुस्त राख्नका लागी नयाँ प्रविधी (कम्पयुटरकृत प्रविधि) अपनाउनु पर्ने ।
- करसंकलनको लागी करदातालाई नगरापलिकाको कर तिर्नु पर्ने भन्ने प्रावधान केन्द्रिय स्तर बाट नै आन्तरिक राजस्व कार्यालय संग समन्वय गरी लिंक अप गर्ने गराउने ।
- नियमित रुपमा नागरिक कर शिक्षा बडा तथा समुदाय स्तरमा संचालन गर्नुपर्ने ।
- सरसफाईका लागी नगरपालिका तथा नगरबासी बीच ठोस कार्ययोजना बनाई बिश्वासको बातावरण सृजना गर्ने ।
- सडक तथा नाला निर्माण, ल्याण्ड फिल योजना तत्काल कार्यान्वयनमा लैजानुपर्ने ।
- ग्रीन जनकपुर सफा शहरका लागी सडक फराकिलो तथा परिकमा सडक को दुवैपटि बृक्षारोपण गर्नुपर्ने ।
- उपभोक्ता समिति गठन गर्दा निर्देशिकामा भएको महिला ,दलित , जनजातिको सहभागीता प्रतिशत अनुसार गराउनु पर्ने ।

सामाजिक परीक्षकको नाम : राम चन्द्र साह, राम विलास यादव , अखिलेश कुमार झा ।

दस्तखत :

संस्थाको नाम ( यदि सस्था भएमा) : समाज विकास मंच, जनकपुर

मितिः२०७१/७/२८

| | |
|---|---|
|  |  |
| वडा ४ मा विश्वकर्मा चौक देखि मटकोरवा पोखरी सम्म नाला निर्माण कार्यको उपभोक्ता समितिसंग छलफल | वडा ४ मा विश्वकर्मा चौक देखि मटकोरवा पोखरी सम्म नाला निर्माण कार्यको स्थलगत निरिक्षण |
|  |  |
| वडा ४ मा मलहा शाहको घर देखि राम बाबु शाहको जग्गा हुँदै काष्ठ उधोग सम्म नाला निर्माण कार्यको उपभोक्ता समितिसंग छलफल | वडा ४ मा मलहा शाहको घर देखि राम बाबु शाहको जग्गा हुँदै काष्ठ उधोग सम्म नाला निर्माण कार्यको स्थलगत निरिक्षण |
|  |  |
| जानकी बृद्धाआश्रममा जनपाबाट २ वटा ठुलो बैढी कार्यको स्थलगत निरिक्षण | महिलाले ना.सु स्तरको लोक सेवा आयोग तयारी कक्षामा सहभागी कार्यको स्थलगत निरिक्षण |
|  |  |
| मिथिला बाल क्लब संजाल नगर स्तरीय समितिसंग छलफल | मिथिला बाल क्लब संजाल नगर स्तरीय समितिसंग छलफल |